गोदावरी नगरपालिका
Godawari Municipality
गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
Office Of the Municipal Executive

बज्रबाराही, ललितपुर / Bajrabarahi, Lalitpur
बागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal

प. सं/Let. No. ०८३/०८४
च. नं/Ref. No. ६३६

मिति: २०८३।०६।०६
ने.सं.:११४६ज्येलाथ्व, एकादशी

सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना(दोस्रो पटक प्रकाशित)

सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ को नियम ९ बमोजिम असोज मसान्त भित्र निवेदन दिनुपर्ने प्रावधान रहेकोमा हाल सम्म पनि कतिपय लाभग्राहीहरुले परिचयपत्र नविकरणको लागि निवेदन पेश नगरेको हुनाले सम्बन्धित लाभग्राहीहरुले २०८३ असोज मसान्त सम्म आ-आफ्नो वडा कार्यालयमा स्वयम् उपस्थित भई तपसिल बमोजिमका कागजातहरु सहित जैविक (BIOMETRIC) पहिचान गरी दोहोरो सामाजिक सुरक्षा भत्ता नपाउने कानूनी व्यवस्था हुनाले दोहोरो भत्ता नलिएको स्वघोषणा गराई नवीकरण गरी २०८४ असार मसान्त सम्मको सामाजिक सुरक्षा भत्ता प्राप्ति सुनिश्चित गर्नुहुन अनुरोध गरिन्छ। समयमा नै नवीकरण गर्नुहुन सबै लाभग्राहीहरुमा विशेष अनुरोध छ र नवीकरण नगरेकै कारण समयवधि समाप्त पश्चात सामाजिक सुरक्षा भत्ता प्राप्तिको दावी गर्न पाईनेछैन र दावी गरेमा समेत नगरपालिका पञ्जिकरण शाखा जिम्मेवार/जवाफदेही नहुने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

आवश्यक कागजातहरु:

१. राष्ट्रिय परिचयपत्र नम्बर,(स्रोह वर्ष उमेर पुरा नभएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र नब्बे वर्ष माथिका जेष्ठ नागरिहरुलाई लाभग्राहीमा सूचिकृत हुन राष्ट्रिय परिचयपत्र नम्बर अनिबार्य हुनेछैन)
२. नागरिकताको प्रमाणपत्र प्रतिलिपि
३. जन्मदर्ताको प्रमाणपत्र प्रतिलिपि,(बालबालिकाको हकमा)
४. अपाङ्गता परिचयपत्र, (अपाङ्गता भएका व्यक्तिको हकमा)
५. सम्बन्धविच्छेद दर्ताको प्रमाणपत्र/प्रतिलिपि, (अर्को विवाह नगरेकी महिलाको हकमा अर्को विवाह नगरेको प्रमाण समेत)
६. मृत्युदर्ता प्रमाणपत्र/प्रतिलिपि, (विधवा महिलाको हकमा)
७. न्यायिक पृथकीकरण भएको प्रमाण,(न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा ६० बर्ष उमेर पुरा भएका)
८. स्थानीय तहको सिफारिसपत्र,(विवाह नगरेका महिलाको हकमा ६० बर्ष उमेर पुरा भएका)
९. दलितको हकमा (दलित जातीय अनुसूचीमा समावेश भएका जाती)
१०. लोपन्मुख जातिको हकमा (नेपाल सरकारले तोकेको)

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री सूचना प्रविधि शाखा: फेसबुकपेज, वेभसाईट तथा वडाहरुमा पत्राचार गरिदिनु हुन।
श्री वडा कार्यालय सबै: तहाँ कार्यालयबाट सूचना प्रकाशन गरी आ.व. २०८३/०८४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुको २०८३ असोज मसान्तभित्र नविकरण गरिसक्नु हुन।